धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धरान, सुनसरी १ नं. प्रदेश नेपाल
DHARAN, SUNSARI, PROVINCE NO. 1, NEPAL


## सिसिटिभी क्यामेरा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/०७/०९)

प्रस्तुत सन्दर्भमा यस कार्यालय अन्तर्गत वडा नं. ७ को विभिन्न स्थानहरुका लागि सिसिटिभी क्यामेरा खरिद तथा जडान कार्य आवश्यक भएको हुनाले सिसिटिभी क्यामेरा खरिद कार्यका निमित्त सिलबन्दी दरभाउपत्रको माध्यमबाट आपूर्ति गर्न मान्यता प्राप्त इच्छुक कम्पनी, कम्पनी बिक्रेता, सप्लायर्स आदिलाई देहायका शर्तहरुको अधीनमा रही रीतपूर्वकको तपसिलमा उल्लेख भए बमोजिमको बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

*शर्तहरु तथा नियमहरुः*

१. सिलबन्दी बोलपत्र फारामका लागि रु. १०००।–(एकहजार) मात्र फिर्ता नहुने गरी मिति २०७६।०७।०९ गतेको राष्ट्रिय दैनिक **"ब्लाष्ट टाइम्स"** पत्रिकामा प्रकाशित सूचना बमोजिम प्राप्त गर्न सकिनेछ। दरभाउपत्र खरिदका लागि यस कार्यालयको राजस्व नीति तथा प्रशासन शाखाको विविध काउन्टरमा दरभाउपत्र फाराम खरिदका लागि रसिद प्राप्त गर्न सकिनेछ।

२ योग्य सिलबन्दी दरभाउपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्

*(धरान उपमहानगरपालिका, धरान-१२, भण्डार तथा खरिद उपशाखा, ०२५-५२०४०७, ५२०६३६),*

Website: http:/www.dharan.gov.np

३ सिलबन्दी दरभाउपत्र फारामका साथ फर्मको कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, व्यवसाय प्रमाणपत्रको प्रतिलिपी सहित आ.व. २०७४|२०७५ वा २०७५|०७६ सम्मको कर चुक्ता गरेको प्रमाणका कागजातहरू संलग्न राखी तल उल्लिखित मिति र समयभित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ।

४ सिलबन्दी दरभाउपत्रदाताहरूले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

५ सिलबन्दी दरभाउपत्रदाताले धरौटी बापतको रकम रु. २२,८००/०० बाइसहजार आठसय मात्र राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धरानमा धरौटी खाता नं.२१६०३०३००७१०२ मा जम्मा कर्ता र प्रयोजन स्पष्ट खुलाई यस कार्यालयको नाउँमा जम्मा गरेको बैंक भौचरको अर्धकट्टि सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको हकमा घटीमा ७५ दिन अवधिको बिडबण्ड संलग्न राख्नु पर्नेछ ।

६ सिलबन्दी दरभाउपत्रमा परिमाण, दररेट लेख्दा उल्लिखित स्पेसिफिकेसन बमोजिमका मालसामानहरू नै उपलब्ध गराउने गरी आफूले कबोल गरेको दररेट र जम्मा रकम (भ्याट बाहेक) अङ्क र अक्षरमा प्रस्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७ सिलबन्दी खामको बाहिरी भागमा कुन कार्यको बोलपत्र पेश गरेको हो, र सोको ठेक्का नं., आपूर्तिकर्ताको स्पष्ट विवरण पूर्णरूपमा लेखिएको हुनु पर्नेछ ।अस्पष्ट वा केरमेट भएको पाइएमा मान्यता दिइने छैन ।

८ सिलबन्दी बोलपत्र पेश गर्ने र खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू क्रमशः सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

९ सरकारी कार्यालयको प्रतिनिधिहरु लगायत सम्बन्धित बोलपत्रकादाताहरुको आधिकारिक प्रतिनिधिहरू रोहबरमा दर्ता भएका बोलपत्रहरु खोलिनेछ, बोलपत्रकादाताहरुको आधिकारिक प्रतिनिधिहरू अनुपस्थित भएमा पनि बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।

१० बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११ विस्तृत जानकारीका लागि यस कार्यालयको भण्डार तथा सम्पत्ति व्यवस्थापन उपशाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सिलबन्दी दरभाउपत्र फारामको प्रकार, किसिम, फाराम दस्तुर, बोलपत्र जमानत रकम, पेश गर्ने मिति समय लगायत खोलिने मिति, समय र स्थान निम्न अनुसारहुनेछ।

| ठेक्का नं. | विवरण | किसिम | फाराम दस्तुर | सिलबन्दी बोलपत्र जमानत रकम | बोलपत्र खरिद गर्ने अन्तिम मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति/समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| NCB/GOODS/01/2076/077 | सिसी क्यामेरा | सिलबन्दी दरभाउपत्र | १०००।- एकहजार | २२,८००|०० बाइसहजार आठसय मात्र | २०७६/०७/२४ कार्यालय समयसम्म | २०७६/०७/२५ गते १२ बजे सम्म उपमहानगरपालिका | २०७६/०७/२५ गते दिनको १ बजे धरान उपमहानगरपालिका |

२०७६/७/८
गणेशप्रसाद खतिवडा
प्रशासकिय अधिकृत